(अभिभावकको लागि)

**प्रमाणीकरण मानक रकम नाघेको भए तापनि आर्थिक सहयोग आवश्यक भनेर स्वीकृत दिइने कारण तथा आवश्यक कागजातको बारेमा**

निम्न कारणमा पर्ने व्यक्तिहरूको सन्दर्भमा, प्रमाणीकरण मानक रकम नाघेको भए तापनि प्रमाणीकरण गरिने अवस्थाहरू पनि हुन सक्छन्।

*आय नाघेको कारण आवश्यक कागजात पेस गरिए तापनि प्रमाणित नहुने अवस्थाहरू पनि हुने हुनाले उक्त बेहोराबारे अग्रिम जानकारी गराउन चाहन्छौं।

| | कारण | आवश्यक कागजात (प्रतिलिपि भए पनि हुन्छ।) |
|---|---|---|
| 1 | म बेरोजगार थिएँ त्यसैले 2023 सालको आय उपयोगी हुँदैन।<br>(दायरामा पर्ने बेरोजगारी अवधि: 2024 साल जनवरी 1 तारिख～2025जनवरी ८ सम्म)<br>*अवकाश पाएको स्थिति बेरोजगारीमा पर्दैन। | रोजगार बिमा प्राप्तिको योग्यता प्रमाणपत्र<br>जनवरी 2024 देखि डिसेम्बर 2024 सम्ममा पाउन पर्ने रकम प्राप्त गर्ने समय भएका<br><br>*रोजगार बिमा प्राप्त नगरेको खण्डमा<br>जनकल्याणकारी अधिकारी र बाल समितिद्वारा "स्थिति निश्चय रिपोर्ट"<br>(हाल बेरोजगार भएको बेहोरा र सम्बन्धित व्यक्तिको नाम र बेरोजगारी अवधि लेखिएको कागजात)<br>(जारी गर्नको लागि तपाईं बसोबास गर्नुहुने क्षेत्रको जनकल्याणकारी अधिकारी र बाल समितिसँग परामर्श लिनुहोस्।) |
| 2 | मैले रोगको कारण बिदा लिएको थिएँ। त्यसैले 2023 सालको आय उपयोगी हुँदैन।<br>(दायरामा पर्ने बिदा लिएको अवधि:2024 साल जनवरी 1 तारिख～2025जनवरी ८ सम्म) | निम्न 2 वटा कागजातहरू<br>जनवरी 2024 देखि डिसेम्बर 2024 सम्म काम बिदामा रहेका<br>(1) कार्यस्थलद्वारा जारी गरेको "बिदा प्रमाणपत्र" आदि<br>*बिदा (योजना) अवधि लेखिएको कागजात<br>(2) चिकित्सकको जाँच प्रमाणपत्र<br>*लामो समय काम गर्न नसक्ने स्थिति भएको कुरा थाहा हुने कागजात |
| 3 | (१) आर्थिक वर्ष सन् 2023को आयको बारेमा प्रमाणीकरण पुष्टि गर्ने अन्तिम मितिपछि प्रमाणीकरण पुष्टि गरी, त्यसको चिकित्सा खर्च कटौतीको रकम प्रमाणीकरण मानाङ्कको बढी रकमसँग बराबर वा बढी छ।<br>(लक्ष्य अवधि: जनवरी 1, 2023 देखि डिसेम्बर 31, 2023)<br><br>(२) यदि1 जनवरी 2024 देखि निरन्तर 12 महिनाको लागि कुल चिकित्सा खर्च ¥100,000 नाघेमा, थप रकम प्रमाणीकरण मापदण्डको अतिरिक्त रकम बराबर वा बढी हुन्छ।<br>(कभर गर्ने अवधि:2024 साल जनवरी 1 तारिख～2025जनवरी ८ सम्म)<br><br>※चिकित्सा खर्च कटौतीको विषय हुने चिकित्सा खर्च मात्र योग्य छन्।<br>※कारणको परिस्थिति अनुसार प्रमाणीकरण मिति परिवर्तन हुन सक्छ।<br>※दाँया तर्फको (१)र (२)छुट्टाछुट्टै पेश गर्न सकिन्छ,तर उच्च चिकित्सा लागत लागेका महानुभावहरू मात्र योग्य हुनेछन्। | (१)लागू भएको खण्डमा<br>प्रमाणीकरण पुष्टिको परिणाम प्रतिबिम्बित कर योग्य रकम (कर छुट)को प्रमाणपत्र<br>※सन् 2023 मा भएको चिकित्सा खर्च सम्बन्धमा, कृपया चिकित्सा खर्च कटौतीको लागि आफैले प्रक्रिया मार्फत आवेदन दिनुहोस् र चिकित्सा खर्च कटौती प्रतिबिम्बित गर्ने कर योग्य रकम(कर छुट)को प्रमाणपत्र पेश गर्नुहोस्।<br>※सन् 2023 को प्रमाणीकरण पुष्टिको म्यादसम्म चिकित्सा खर्च कटौती प्रक्रियाहरू पूरा गरी जनवरी १, 2024 सम्म कावासाकी शहरमा निवासीको रूपमा दर्ता भएका महानुभावहरूका लागि कर योग्य रकम (कर छुट) प्रमाणपत्रको पेश गर्नु आवश्यक छैन।<br><br>(२)लागू भएको खण्डमा<br>बायाँ (२) तर्फको अवधिको चिकित्सा खर्चको रकम देखाउने कागजातको प्रतिलिपि (स्वास्थ्य बीमा संघ आदि द्वारा पठाइएको चिकित्सा खर्चका प्रमाणहरू वा चिकित्सा खर्चको रसिदहरू आदि)।<br><br>※अस्पताल भर्ना हुँदाका लाभहरू तथा बच्चा जन्माउने बेला पाउने एकमुष्ट रकम, आदिको लागि क्षतिपूर्ति छ भने, कृपया कागजातहरू पेश गर्नुहोस्।<br>※परीक्षण (स्क्रिनिङ)को लागि प्रयोग गरिएका कागजातहरू फिर्ता गर्न नसकिने भएकोले भविष्यमा चिकित्सा खर्च कटौतीको लागि प्रमाणीकरण पुष्टि आदिको योजना भएका महानुभावहरूले अवश्य प्रतिलिपि पेश गर्नुहुन अनुरोध छ। |
| 4 | मैले नगरपालिका वा गाउँपालिका करको कर छुट अथवा आंशिक वा पूर्ण छुट पाएको थिएँ।<br>*यसमा जग्गा, भवन, धितोपत्र (सेयर) जस्ता सम्पत्ति बिक्री वा अरूलाई हस्तान्तरण गर्दा भएको घाटाको अवस्था र आवास प्राप्ति कटौती पर्दैन।<br>*परिवारको सबै सदस्यहरूको स्थिति प्रमाणित हुनुपर्नेछ। | निम्न कागजातहरू मध्ये कुनै एक<br>*"4 देखि 8" को सन्दर्भमा, पछिल्लो आर्थिक वर्ष (आर्थिक वर्ष रेइवा 6 सालको कागजात) पेस गर्नुहोस्।<br>・कर छुट प्रमाणपत्र<br>・छुट प्रमाणपत्र<br>・कर योग्य रकम प्रमाणपत्र(आंशिक वा पूर्ण छुट भएको बेहोरा लेखिएको कागजात) |
| 5 | मैले आंशिक वा पूर्ण रूपमा एकलौटी व्यवसाय कर छुट पाएको थिएँ।<br>*छुट पाउनुको कारण विपदमा क्षति भएको अवस्था मात्र मान्य हुनेछ। | एकलौटी व्यवसाय करको आंशिक वा पूर्ण छुट पाएको बेहोरा लेखिएको सूचनापत्र (आंशिक वा पूर्ण छुट पाएको कारण लेखिएको कागजात) |
| 6 | मैले अचल सम्पति करको आंशिक वा पूर्ण छुट पाएको थिएँ।<br>*छुट पाउनुको कारण जग्गाको आकार परिवर्तन भएको खण्डमा, घर अथवा मूल्यह्रास सम्पत्तिमा क्षति पुगेको अवस्था मात्र मान्य हुनेछ। | अचल सम्पतिको कर पुस्तिकामा लेखिएको विवरणको प्रमाणपत्र (आंशिक वा पूर्ण छुट पाएको कारण लेखिएको कागजात) |
| 7 | मैले नागरिक पेन्सनको बिमा शुल्क आंशिक वा पूर्ण छुट अथवा नागरिक स्वास्थ्य बिमाको बिमा शुल्क आंशिक वा पूर्ण छुट पाएको तथा मेरो रकम सङ्कलन स्थगन गरिएको थियो।<br>*२३ वर्ष वा सोभन्दा माथिका सबै सदस्यहरूले माथिका मापदण्डहरू पूरा गरेको प्रमाणित गर्न आवश्यक छ।<br>*यसमा नागरिक स्वास्थ्य बिमाको बिमा शुल्कको न्यूनीकरण पर्दैन। | (1) नागरिक पेन्सनको बिमा शुल्क आंशिक वा पूर्ण छुटको खण्डमा<br>(निम्न कागजातहरू मध्ये कुनै एक)*दायरामा पर्ने छुट अवधि: रेइवा 6 साल जुलाइ～रेइवा 7 साल जुन<br>・नागरिक पेन्सन बिमा शुल्क छुट भुक्तानी स्थगन आवेदन स्वीकृति सूचनापत्र<br>・नागरिक पेन्सनबिमा शुल्क छुटको कारणसँग सम्बन्धित सूचनापत्र<br>(2) नागरिक स्वास्थ्य बिमाको बिमा शुल्क आंशिक वा पूर्ण छुट तथा रकम सङ्कलन स्थगनको खण्डमा<br>(निम्न कागजातहरू मध्ये कुनै एक)<br>・नागरिक स्वास्थ्य बिमा शुल्क आंशिक वा पूर्ण छुट स्वीकृति निर्णय गरिएको सूचनापत्र<br>・नागरिक स्वास्थ्य बिमा शुल्क रकम सङ्कलन स्थगन स्वीकृति निर्णय गरिएको सूचनापत्र |
| 8 | मैले जीवनयापन कल्याण कोषको ऋण लिएको थिएँ।<br>(ऋण अवधि अथवा निर्णय गरिएको तारिख:2024 साल जनवरी 1 तारिख～2025जनवरी ८ सम्म) | जीवनयापन कल्याण कोष ऋण निर्णय गरिएको सूचनापत्र (यसमा आपत्कालीन सानो रकम कोष पनि पर्छ।) |
| 9 | म रोजगार सुरक्षा कार्यालयमा दर्ता गरिएको दैनिक कामदार हुँ।<br>*परिवारमा आम्दानी हुने व्यक्ति बहुसंख्य भएको खण्डमा, आम्दानी भएको सबैको प्रमाणपत्र आवश्यक पर्नेछ। | रोजगार बिमाको बीमित पुस्तिका |
| 10 | मेरो परिवारमा निर्धारित समयको उच्च माध्यमिक विद्यालय जस्ता विद्यालयहरूको चौथो सालको विद्यार्थी आदि, 2024 साल अप्रिल 2 तारिख हाल 18 पुगिसकेको वा सोभन्दा बढीको उच्च माध्यमिक विद्यालयको विद्यार्थी छ।<br>*उच्च माध्यमिक विद्यालय आदिको शिक्षण शुल्कलाई मानक रकममा थप गरी प्रमाणीकरण गरिने अवस्थाहरू पनि हुन सक्छन्। | अध्ययनरत प्रमाणपत्र(सम्बन्धित उच्च माध्यमिक विद्यालयको विद्यार्थी अध्ययनरत उच्च माध्यमिक विद्यालय प्रमुखको कामको इन्खान लगाइएको कागजात)<br>अथवा विद्यार्थी कार्ड आदि |